भूमि अधिकारहरूसम्बन्धी मापदण्ड

जलवायु, संरक्षण र विकाससम्बन्धी कार्य र लगानीहरूमा आदिवासी, स्थानीय समुदाय र अफ्रिकन वंशजका मानिसहरूको भूमि, भूक्षेत्र र स्रोतसाधनसम्बन्धी अधिकारहरूलाई स्वीकार र सम्मान गर्ने सिद्धान्तहरू ।

क्याप्सन: अमेजन वर्षावनमा रहेको नदीमा डुङ्गा चलाइरहेका एक आदिवासी पुरुष। फोटो: अमेजन संरक्षण टोली।

वषयसूची

पृष्ठभूमि र उद्देश्य 3

मापदण्डका लक्ष्यहरू 4

भूमि अधिकारको मापदण्डका सिद्धान्तहरू। 6

पृष्ठभूमि र उद्देश्य

अहिले विश्वका वनजङ्गल, भूपरिदृश्य र प्राकृतिक स्रोतसाधनको दिगो व्यवस्थापन, उपयोग र संरक्षण गर्नका लागि गरिने कार्य, निर्णय र लगानीहरू आदिवासी, स्थानीय समुदाय र अफ्रिकन वंशजका मानिसहरूको भूमि, भूक्षेत्र र स्रोतसम्बन्धी अधिकारलाई स्वीकार र सम्मान गर्ने तरिकाले अघि बढाइनुपर्ने आवश्यकतालाई व्यापक मान्यता दिइन थालिएको छ । यी उद्देश्यहरूमा सहयोग पुरयाउँनका लागि धेरै सामाजिक तथा वातावरणीय ढाँचा, मापदण्ड र प्रमाणीकरण प्रणाली बनाइएका छन् । तर हालसम्मका प्रयासहरू प्राय: एकअर्कासँग समन्वय नभएका र असङ्गठित छन् । यी सबैमा अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र आदिवासी, स्थानीय समुदाय[१], अफ्रिकन वंशजका मानिसहरू[२] तथा ती समुदायभित्रका महिला, युवा र ज्येष्ठ व्यक्तिहरूको आकांक्षामा आधारित विश्वव्यापी रूपमा मान्य साझा सिद्धान्तहरूको अभाव देखिन्छ ।

यस कमीलाई सम्बेधन गर्न र उत्कृष्टतातर्फको सकारात्मक प्रतिस्पर्धालाई प्रोत्साहन गर्ने उद्देश्यले दिगो विकासका लागि आदिवासीहरूको प्रमुख समूह (the Indigenous Peoples Major Group for Sustainable Development - IMPG) र राइट्स एन्ड रिसोर्सेज इनिसिएटिभले विश्वभरका आदिवासी, स्थानीय समुदाय र अफ्रिकन वंशजका मानिसहरूको संस्थाहरूसँग परामर्श गर्दै फरेस्ट पिपल्स प्रोग्राम र ग्लोबल ल्यान्डस्केप्स फोरमको विशेष सहयोगमा बृहत् सिद्धान्तहरू बनाउने प्रक्रिया सुरु गरेका थिए । यी सिद्धान्तहरू गैरसरकारी संस्थाहरूलाई वर्तमान र भविष्यम९ता भूपरिदृश्य स्तरका पहलहरूलाई मार्गदर्शन गर्न सहयोगी हुने किसिमले बनाइएका छन् ।

मापदण्डका लक्ष्यहरू

१

विश्वका भूमि, वनजङ्गल, पानी र अन्य प्राकृतिक पारिस्थितिकीय प्रणालीहरूमा अधिकारमुखी जलवायु, जैविक विविधता र दिगो विकासका काम र लगानीलाई मार्गदर्शन गर्न अधिकारग्राहीहरूले नेतृत्व रनिर्धारण गर्ने ढाँचा स्थापना गर्ने ।

२

देहायअनुसारका विभिन्न अन्तर्राष्ट्रिय कानुनी दस्तावेजमा उल्लिखित अधिकारहरूको सम्मान, मान्यता र संरक्षणलाई सुदृढ बनाउने :

संयुक्त राष्ट्रसङ्घको आदिवासी जनजातिका अधिकारसम्बन्धी घोषणापत्र र सन् १९८९ को अन्तर्राष्ट्रिय श्रम सङ्गठनको आदिवासी तथा जनजातिसम्बन्धी महासन्धि (१६९)३ मा उल्लेख गरिएअनुसार आदिवासी तथा जनजातिहरूको विशेष र फरक पहिचानयुक्त अधिकारहरू ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि सङ्ख्या १६९ (आदिवासीसम्बन्धी), संयुक्त राष्ट्रसङ्घको किसान तथा ग्रामीण क्षेत्रका अन्य श्रमिकहरूको अधिकारसम्बन्धी घोषणापत्र, र सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धि र यसका सामान्य सिफारिसहरू (सिफारिस ३४: अफ्रिकी मूलका व्यक्तिहरूमाथिको जातीय भेदभावसम्बन्धी र सिफारिस २३ ः आदिवासीसम्बन्धी) जस्ता विभिन्न दस्तावेजहरूमा उल्लेख गरिएअनुसार स्थानीय समुदाय, अफ्रिकन वंशजका मानिस र अन्य सीमान्तकृत जातीय समूहका अधिकारहरू ।

माथिका कानुनी दस्तावेजहरूका साथै महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि र यस अन्तर्गतको समितिका सामान्य सिफारिसहरू (सिफारिस ३९: आदिवासी महिला तथा बालिका÷किशोरीहरूको अधिकारसम्बन्धी, सिफारिस ३७: जलवायु परिवर्तनको सन्दर्भमा विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक आयामसम्बन्धी, र सिफारिस ३४: ग्रामीण महिलाको अधिकारसम्बन्धी) मा उल्लेख गरिएअनुसार यी मानिस र समुदायभित्रका महिलाका समतामूलक भूमिका र अधिकारहरू ।

माथि उल्लिखित कानुनी दस्तावेजहरूका साथै बालअधिकारसम्बन्धी महासन्धि र यसअन्तर्गतको समितिका सामान्य टिप्पणीहरू (टिप्पणी ११: आदिवासी जनजाति बालबालिका र तिनका अधिकारसम्बन्धी) र महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिअन्तर्गतको समितिको सामान्य सिफारिस ३९ (आदिवासी किशोरी÷बालिकाहरूको अधिकारसम्बन्धी) मा उल्लेख गरिएअनुसार यी मानिस र समुदायहरूभित्रका युवाहरूका समान भूमिका र अधिकारहरू (किशोरी÷बालिकाहरूको अधिकारहरूमा विशेष ध्यान दिँदै) ।

क्याप्सन: भियतनामको धान खेतमा उभिएका आदिवासी महिला किसानहरू। फोटो: आइस्टक

३

सबै संस्था र निकायहरूलाई आफ्ना मापदण्ड, मानव अधिकार, वातावरणीय जिम्मेवारी प्रणाली, प्रमाणीकरण प्रणाली, प्रतिबद्धता र अधिकारमा आधारित भएर दिगो भूपरिदृश्यका लागि कार्यान्वयन गरिएका कार्यक्रम र गतिविधिहरूलाई निरन्तर सुधार गर्न प्रोत्साहित गर्ने ।

४

पेरिस जलवायु सम्झौता, दिगो विकास लक्ष्य र सन् २०२० पछिको विश्व जैविक विविधता ढाँचालगायतका विश्वव्यापी लक्ष्य र प्रतिबद्धताहरू पूरा गर्न मद्दत गर्ने ।

५

आदिवासी, स्थानीय समुदाय र अफ्रिकन वंशजका मानिसहरूसँगको साझेदारीलाई सुदृढ गरी अधिकारमा आधारित भूपरिदृश्य पुनस्र्थापना, संरक्षण र दिगो भू तथा स्रोतसाधन उपयोगको दृष्टिकोण अपनाउँदै सबैका लागि अधिक दिगो, समान र न्यायपूर्ण भविष्यको मार्ग प्रशस्त गर्ने ।

भूमि अधिकारको मापदण्डका सिद्धान्तहरू

प्रस्तावना

सुरक्षति, स्वच्छ, स्वस्थ एवम् दगिो वातावरणको अधकिारसहति मानव अधकिारको सम्मान गर्नु सबैका लागि दिगिो र उत्पादनशील भूपरदिृश्यहरू प्राप्त गर्नका लागि महत्वपूर्ण छ ।

यी सम्बन्धित अधिकार र दायित्वहरूलाई कुनै भेदभावबिना लागू गरिनुपर्छ, र विशेष अवस्था, विशेषता र आवश्यकताका कारण केही व्यक्ति वा समूहहरूका लागि फरक र विशेष अधिकारहरू हुने कुरा स्वीकार गर्दै तुरुन्त, निष्पक्ष र प्रभावकारी समाधानहरू उपलब्ध गराइनुपर्छ । अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी दस्तावेजहरूमा उल्लेख गरिएका अधिकारहरू, साथै आदिवासी, स्थानीय समुदाय, अफ्रिकन वंशजका मानिसहरू र ती समुदायभित्रका महिला र युवाहरूका आकांक्षामा आधारित भएर, **भूपरिदृश्यमा सञ्चालन गरिने सबै कार्यक्रम, परियोजना र पहलहरूलाई माथि उल्लिखित अधिकारग्राहीहरूसँग समान साझेदारी र ऐक्यबद्धता राखेर सञ्चालन गरिएको छ**, र उनीहरूका विशेष र फरक अधिकारहरूका साथै स्वायत्तता, प्राथमिकता र जीवनजगतसम्बन्धी दृष्टिकोणलाई ध्यानमा राखिन्छ र सम्मान गरिन्छ भन्ने कुराको सुनिश्चित गर्न तलको तलका मापदण्ड विकास गरिएको हो ।

यस मापदण्डको प्रवद्र्धनले जलवायु परिवर्तन, जैविक विविधता ह्रास÷नोक्सानी, वातावरणीय हानिका अन्य स्वरूप र दिगो विकासका चुनौतीहरूको समाधानका लागि नवीन सामूहिक प्रतिकार्य र समाधानहरूको विकास गर्न सक्षम बनाउने र प्रोत्साहित गर्नेछ । अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा भइरहेका विकास, उभरिँदै गरेका उत्कृष्ट अभ्यासहरू र हस्ताक्षरकर्ता आदिवासी, स्थानीय समुदाय र अफ्रिकन वंशजका मानिसका आकांक्षाहरूसँग एकरूपता सुनिश्चित गर्न यसमा उल्लिखित सिद्धान्तहरूलाई आवश्यकताअनुसार उपयुक्तता र लागू हुने अवस्थासम्म समय–समयमा पुनरावलोकन र अद्यावधिक गरिनेछ ।

मापदण्ड

जलवायु, संरक्षण वा विकासका गतिविधिमा संलग्न सबै निकाय? संस्थाहरूले व्यक्तिगत र सामूहिक मानव अधिकारको सम्मान र समर्थन गर्ने प्रतिबद्धता जनाउँछन्, र त्यसैले, तिनीहरूले निम्न: सिद्धान्तहरू पालना गर्छन्:

सिद्धान्त १

आदिवासी जनजाति, स्थानीय समुदाय र अफ्रिकन वंशजका मानिसको भूमि, भूक्षेत्र, पानी, तटीय समुद्र र स्रोतसाधनमाथिका सबै अधिकारलाई स्वीकार, सम्मान र संरक्षण गर्ने[४] । यी अधिकारहरू निम्नानुसारका दस्तावेजमा उल्लेख गरिएका छन्: संयुक्त राष्ट्रसङ्घको आदिवासी जनजातिको अधिकारसम्बन्धी घोषणापत्र र अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि सङ्ख्या १६९ मा उल्लिखित आदिवासी जनजातिका अधिकार । अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि सङ्ख्या १६९, जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धि र यसको सामान्य सिफारिस ३४, र संयुक्त राष्ट्रसङ्घको किसान तथा ग्रामीण क्षेत्रका अन्य श्रमिकहरूको अधिकारसम्बन्धी घोषणापत्रमा उल्लिखित स्थानीय समुदाय र अफ्रिकन वंशजका मानिसहरूको अधिकार । महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि र यसका सामान्य सिफारिसहरू (जस्तै, सिफारिस ३९: आदिवासी महिला तथा किशोरी÷बालिकाको अधिकारसम्बन्धी, सिफारिस ३७: जलवायु परिवर्तनको सन्दर्भमा विपद् जोखिम न्यूनीकरणमा लैङ्गिक आयामसम्बन्धी, र सिफारिस ३४: ग्रामीण महिलाको अधिकारसम्बन्धी) मा उल्लिखित स्थानीय समुदाय र अफ्रिकन वंशजका समुदायभित्रका महिलाका अधिकार[५] । यी अधिकारहरूमा माथि उल्लिखित समुदायले परम्परागत रूपमा स्वामित्व वा प्रयोग गर्ने भूमि, भूक्षेत्र, पानी, तटीय समुद्र र स्रोतसाधनसँग सम्बन्धित समुदायमा आधारित अधिकारहरू समावेश छन्, चाहे ती अधिकारहरूलाई राज्यले कानुनी रूपमा मान्यता दिएको होस् वा नहोस्[६] । साथै, यसभित्र माथि उल्लिखित अधिकारग्राहीहरूको प्रत्यक्ष वा अप्रत्यक्ष गतिविधिले उत्पन्न, संरक्षण वा प्रवद्र्धन गरिएका पारिस्थितिकीय प्रणालीका कार्य र सेवाहरूसँग सम्बन्धित अधिकारहरू[७] पनि पर्दछन् ।

सिद्धान्त २

आदिवासी जनजाति, स्थानीय समुदाय र अफ्रिकन वंशजका मानिसका समुदायमा आधारित भूमि, भूक्षेत्र, पानी, तटीय समुद्र र स्रोतसाधनमाथिको अधिकारहरूका साथै तीसँग सम्बन्धित परम्परागत स्वामित्व प्रणाली, शासन संरचना र प्रचलित परम्परागत कानुनहरूको **प्रभावकारी कानुनी मान्यता प्रवद्र्धन गर्ने८** ।

क्याप्सन ◌: इन्डोनेसियाको सुमात्रामा कफीको बोटबाट कफीका गेडा टिप्दै स्थानीय पुरुष । फोटो: ज्याकब मेन्ट्ज, राइट्स एण्ड रिसोर्सेज इनिसिएटिभ्स, २०२२ ।

क्याप्सन: कोलम्बियाको काउका बुएनाभेनचुराको उत्तरमा खेतमा काम गर्दै अफ्रिकन वंशजकी महिला । फोटो: डार्बिन टोरेस, प्रोसेसो डे क्मयुनिडाडेस नेग्रास, २०२३ ।

सिद्धान्त ३

स्थानीय समुदाय र अफ्रिकन वंशजका मानिसहरूसँगको पूर्ण सहकार्यमा गर्ने । यसमा यी समूहभित्रका महिला, युवा र ज्येष्ठ व्यक्तिहरूको समेत समावेशीमूलक सहभागिता सुनिश्चित गर्नुपर्छ । यी प्रक्रियाहरूलाई उनीहरू आफैंले निर्धारण गरेका प्राथमिकता र स्थानीय रूपमा परिभाषित दृष्टिकोणका आधारमा अघि बढाइनुपर्छ । साथै, सहकार्यमूलक प्रक्रियाहरूमा महिला र समुदायका अन्य सदस्यहरूको सक्रिय, स्वतन्त्र, प्रभावकारी, अर्थपूर्ण र सुसूचित सहभागितामा आउने अवरोधहरू हटाउन क्षमता अभिवृद्धि र अन्य उपायहरूमार्फत जानकारीमा पहुँच पुरयाउनुपर्छ र भाषिक भिन्नता, साक्षरता, आवतजावत, यातायात, प्रविधि, लैङ्गिक र अन्य सम्भावित अवरोधहरू हटाउनुपर्छ ।

क्याप्सन: क्वाङ्गो प्रान्त, कङ्गगो लोकतान्त्रिक गणतन्त्र। फोटो: लेय उवेरा, टेन्युर फेसिलिटी।

सिद्धान्त ४

सांस्कृतिक सम्पदा र परम्परागत ज्ञानप्रतिको अधिकारको सम्मान गर्ने। यसमा सांस्कृतिक सम्पदा भन्ने कुरा ती सम्पदाका धनीहरूले बुझ्ने र परिभाषित गर्ने कुरा हो भनी स्वीकार गर्नुपर्छ। आदिवासी जनजाति, स्थानीय समुदाय, अफ्रिकन वंशजका मानिस — र विशेष गरी यी समूहका महिला, ज्येष्ठ र युवाहरूलाई आफ्नो संस्कृति कायम राख्ने, नियन्त्रण गर्ने, संरक्षण गर्ने र विकास गर्ने अधिकार छ। साथै, तिनीहरूसँग सांस्कृतिक ज्ञान, पारिस्थितिकीय प्रणालीको ज्ञान र स्थानीय रूपमा अनुकूलित शासन संस्थाहरूको अभिव्यक्ति नियन्त्रण गर्ने अधिकार छ। आदिवासी, स्थानीय समुदाय र अफ्रिकन वंशजका मानिससँग हुने कुनै पनि सम्झौता, वार्ता र कुनै पनि संलग्नतामा तिनका समुदायसँगको सहभागितामूलक, समावेशी र पहुँचयुक्त प्रक्रियामार्फत बनाइएका नीतिहरू समावेश हुनुपर्छ। यी नीतिहरूले परम्परागत ज्ञान र तथ्यांकको स्वामित्व, नियन्त्रण, पहुँच र उपयोगसम्बन्धी सिद्धान्तहरूलाई सम्बोधन गर्नुपर्छ। यदि यी सिद्धान्तहरूको सम्मान नभएमा, उपचार र क्षतिपूर्तिका लागि व्यवस्था पनि समावेश गर्नुपर्छ।

सिद्धान्त ५

आदिवासी जनजाति, त्यसमा पनि विशेष गरी तिनीहरूभित्रका महिला र युवाहरूको स्वतन्त्र, अग्रिम र सुसूचित सहमति र उनीहरूको आत्मनिर्णयको अधिकारको सम्मान गर्ने । यसमा स्वेच्छिक एकान्तवासमा रहेका आदिवासीहरूसँग कुनै सम्पर्क नगर्ने र त्यस्तो सम्पर्क निषेध गर्ने कुरा पनि पर्दछन् । स्वतन्त्र, अग्रिम र सुसूचित सहमतिको अधिकार गतिशील छ । यो एकपटकको प्रक्रिया होइन र सहमति चरणबद्ध रूपमा दिइन सकिन्छ, निश्चित समयावधिका लागि दिइन सकिन्छ, वा परिवर्तन भएमा वा नयाँ जानकारी प्राप्त भएमा पुनर्विचार गर्न सकिन्छ वा सोहीअनुसार फिर्ता लिन सकिन्छ । **त्यसै गरी, स्थानीय समुदाय र अफ्रिकन वंशजका मानिस, त्यसमा पनि विशेष गरी ती समुदायभित्रका महिला र युवाहरूको आफ्ना भूमि, भूक्षेत्र, पानी, तटीय समुद्र र स्रोतसाधनमा असर पार्ने वा उनीहरूको जीविकोपार्जनका आवश्यकता र सामाजिक तथा वातावरणीय कल्याणलाई प्रभावित गर्ने परामर्श प्रक्रिया र निर्णयहरूमा स्वतन्त्र, अग्रिम, सुसूचित एवम् अर्थपूर्ण सहभागिताको अधिकारलाई पूर्ण रूपमा सम्मान र समर्थन गर्नुपर्छ ।** यसमा लागू हुने हदसम्म आत्मनिर्णयको अधिकार? स्वतन्त्र, अग्रिम र सुसूचित सहमतिको अधिकार पनि रहन्छ । यी अधिकारहरूको प्रर्वधनका लागि, निकाय र संस्थाहरूले माथि उल्लिखित अधिकारग्राहीहरूलाई गतिविधिसम्बन्धी जानकारी व्यवस्थित, सक्रिय, समयमै, नियमित, पहुँचयुक्त, सांस्कृतिक रूपमा उपयुक्त, समावेशी, सहभागितामूलक र बृहत् तरिकाले प्रदान गर्नुपर्छ । साथै, सिद्धान्त ३ मा परिभाषित गरिएअनुसार, महिला र अन्य समुदायका सदस्यहरूको परामर्श र निर्णय प्रक्रियामा सक्रिय, स्वतन्त्र, प्रभावकारी, अर्थपूर्ण र सुसूचित सहभागितामा आउने अवरोधहरू हटाउनुपर्छ ।

क्याप्सन: इन्डोनेसियाको रियाउन प्रान्तमा वन्य उत्पादनहरू सङ्कलन गर्दै टालाङ ममाक समुदायका सदस्यहरू । फोटो: ज्याकब मेन्ट्ज, राइट्स एण्ड रिसोर्सेज इनिसिएटिभ्स, २०२२ ।

सिद्धान्त ६

आदिवासी, स्थानीय समुदाय, अफ्रिकन वंशजका मानिस र ती समूहभित्रका महिलाहरूसँग उनीहरूको भूमि, पानी, तटीय समुद्र, स्रोत र भूक्षेत्रमा असर पार्ने गतिविधिहरूसम्बन्धी **साझेदारी र सम्झौताका** सर्तहरू पूर्ण इमानदारी र सदभावका साथ, कुनै दबाबबिना तयार पारिनेछ र पूर्ण रूपमा कार्यान्वयन गरिनेछ भन्ने कुराको सुनिश्चित गर्ने । **यी सर्तहरूले निम्न कुराहरू समावेश गर्नुपर्छ: (क) आपसी सहमतिमा आधारित र समतामूलक तरिकाले लाभ बाँडफाँट गर्ने व्यवस्था; (ख) परम्परागत ज्ञानको सम्मान; (ग) उनीहरूका भूमि, भूक्षेत्र, पानी, तटीय समुद्र र स्रोतमा वर्तमान र भविष्यमा पर्ने प्रभावहरूका लागि उचित क्षतिपूर्तिको व्यवस्था; (घ) स्थानीय रूपमा परिभाषित जीविकोपार्जन र प्राथमिकताको संरक्षण ।** यस्ता साझेदारी र सम्झौताका सबै वार्ताहरूमा आदिवासी, स्थानीय समुदाय र अफ्रिकन वंशजका मानिसका प्रतिनिधिहरूको — महिला, अपाङ्गता भएका व्यक्ति, युवा र ज्येष्ठ व्यक्तिहरूसमेतलाई समावेश गरी — अर्थपूर्ण, प्रभावकारी र सक्रिय सहभागिता हुनुपर्छ । यी प्रक्रियाहरूमा उनीहरूलाई निर्णयकर्ता र सक्रिय सहभागीको रूपमा सहभागी गराउनुपर्छ ।

क्याप्सन: नदीमा डुङ्गा यात्रा गर्दै गाबोनको मसाहा क्षेत्रका स्थानीय समुदायका सदस्यहरू । फोटो: If Not Us Then Who? राइट्स एन्ड रिसोर्सेज इनिसिएटिभ, २०२४ ।

क्याप्सन: माउन्ट एल्गोनका आदिवासी ओगिएक समुदायको परम्परागत क्षेत्रको ड्रोनबाट खिचिएको दृश्य । यस क्षेत्रको संरक्षण ती आदिवासीहरूले पिँढीऔँदेखि गर्दै आएका छन् । फोटो: टोनीवाइल्ड फोटोग्राही, राइट्स एन्ड रिसोर्सेज इनिसिएटिभ, २०२२

सिद्धान्त ७

प्रभावकारी गुनासो तथा क्षतिपूर्ति संयन्त्र प्रदान गर्ने र कुनै पनि पहल गतिविधिमा सहभागी हुनुअघि लिखित सम्झौताहरू स्थापना गर्ने । यस्तो गुनासो र क्षतिपूर्ति संयन्त्र स्वतन्त्र, पहुँचयुक्त, समतामूलक, पूर्वानुमानयोग्य, पारदर्शी, मानव अधिकारसँग मिल्दोजुल्दो, आदिवासी, अफ्रिकन वंशजका मानिस र स्थानीय समुदायहरूसँगको सहभागिता र संवादमा आधारित, र यी अधिकारग्राहीहरूद्वारा वैध मानिएको हुनुपर्छ । साथै, कुनै पहल गतिविधिले उत्पन्न गरेको वा उत्पन्न गर्न योगदान गरेको वास्तविक वा सम्भावित हानि, ऐतिहासिक हानि र दीर्घकालीन समस्याहरूका लागि प्रभावकारी समाधान तथा उपचारहरूको व्यवस्था गरिनुपर्छ[१०] ।

सिद्धान्त ८

औपचारिक कानुनअन्तर्गत उनीहरूको स्वामित्व अधिकारको स्थिति जे जस्तो भए पनि, आदिवासी, अफ्रिकन वंशजका मानिस र स्थानीय समुदायका महिलाहरूको सामूहिक भूमि, भूक्षेत्र, पानी, तटीय समुद्र र स्रोतमा समान अधिकारको प्रवद्र्धन गर्ने र ती अधिकारहरू प्राप्तिका लागि सहजीकरण गर्ने । यसमा ती महिलाहरूको यस्ता क्षेत्रहरूको शासनमा समान सहभागिता र समावेशिता रहनेछ, र उनीहरूले सामूहिक भूमि, पानी र स्रोतसँग सम्बन्धित गतिविधिबाट समान लाभ प्राप्त गर्नेछन् भन्ने कुराको सुनिश्चित गरिनुपर्छ । साथै, परियोजनाले सञ्चालन गर्ने सबै गतिविधिमा महिला र किशोरी÷बालिकाहरूमाथि हुने हिंसा, दुव्र्यवहार, उत्पीडन वा डरधम्कीप्रति शून्य सहनशीलता अपनाइने कुराको सुनिश्चित हुनुपर्छ ।

सिद्धान्त ९

आदिवासी, अफ्रिकन वंशजका मानिस र स्थानीय समुदायहरूको — त्यसमा पनि विशेष गरी वातावरणको संरक्षण गर्न क्रियाशील व्यक्तिहरूको — आधारभूत अधिकार र स्वतन्त्रताको सम्मान, प्रवद्र्धन र संरक्षण गर्ने । यसमा पीडित, वातावरणको संरक्षक र उनीहरूका परिवारहरूले न्यायमा पहुँच र प्रभावकारी उपचार पाउने कुरामा सहयोग प्रदान गरिनुपर्छ । उनीहरूविरुद्ध हुने आपराधीकरण, धम्की, प्रतिशोध र हिंसा रोक्न आन्तरिक नीति तथा प्रक्रिया निर्माण गर्दै यस्ता कार्यहरूलाई निरुत्साहित गर्ने पहलहरूमा सक्रिय समर्थन जनाउनुपर्छ । यी सबै उपायहरूले महिला र युवाहरू, र त्यसमा पनि विशेष गरी भेदभाव र लैङ्गिक हिंसाबाट प्रभावित व्यक्तिहरूका लागि समयमै, उपयुक्त र प्रभावकारी उपचार पाउने कुराको सुनिश्चित गरिनुपर्छ ।

क्याप्सन: पेरुको वायपान्कुनी समुदायकी आदिवासी अशानिका महिलाहरू । फोटो: ख्वान ल्लास्का, राइट्स एन्ड रिसोर्सेज इनिसिएटिभ, २०२४ ।

क्याप्सन: एउटा अन्तर्वार्तामा सहभागी हुने क्रममा गाइवस्तु नजिक उभिएका केन्याको माजी मोटो गुरप रान्चका आदिवासी मासी । फोटो टोनीवाइल्ड फोटोग्राही, राइट्स एन्ड रिसोर्सेज इनिसिएटिभ, २०२३ ।

सिद्धान्त १०

निजी क्षेत्रका निकाय सरोकारवाला, लगानीकर्ता, वित्तीय संस्था, नागरिक समाज सङ्गठन, बहुपक्षीय निकाय र दाताहरूबाट यी भूअधिकार मापदण्डका सिद्धान्तहरू अपनाउनुपर्ने कुरालाई प्रर्वधनका गर्ने । यस्ता सबै सरोकारवाला र निकायहरूलाई औपचारिक कानुनअन्तर्गत यी अधिकारहरूको स्थिति जस्तोसुकै भए पनि यी सिद्धान्तहरूलाई बाध्यकारी रूपमा कार्यान्वयन गर्ने कुरामा प्रतिबद्ध हुन, यी सिद्धान्तहरूको कार्यान्वयनमा पारदर्शिता कायम गर्न, सहभागितामूलक मूल्यांकन अपनाउन, आदिवासी जनजाति, स्थानीय समुदाय र अफ्रिकन वंशजका मानिसका प्रतिनिधिहरूको सहभागिता भएको स्वतन्त्र अनुगमन संयन्त्रसँग पूर्ण र प्रभावकारी सहकार्य गर्न, र ती सिद्धान्तहरूको कार्यान्वयन उपायहरूको प्रभावकारिताबारे प्रतिवेदन गर्न प्रोत्साहित गरिनुपर्छ ।

अन्तिम टिप्पणीहरु

[१] अन्तर्राष्ट्रिय कानुनअन्तर्गत "स्थानीय समुदाय" को कुनै औपचारिक परिभाषा छैन, र स्थानीय समुदायका सामाजिक आन्दोलनहरू प्राय: क्षेत्रीय रूपमा फरक र विविध हुन्छन् । यस मापदण्डको प्रयोजनका लागि, हामी कुनै एकल विशेष परिभाषा अगाडि सार्दैनौँ । यो शब्दलाई कसरी बुझिन्छ र व्यक्त गरिन्छ भन्ने बारे थप मार्गदर्शन क्षेत्रीय प्रक्रियाहरूमा पाइन्छ, जस्तै: ल्याटिन अमेरिकामा हालै तयार गरिएको स्थानीय समुदायको पहिचान तथा संरक्षणका मापदण्डहरू, र जैविक विविधता महासन्धिको धारा ८(ञ) र अन्य सम्बन्धित प्रावधानहरूका सन्दर्भमा स्थानीय समुदायका प्रतिनिधिहरूको विज्ञ समूह बैठकको प्रतिवेदन (UNEP/CBD/WG8J/7/8/Add.1) मा प्रस्तुत विभिन्न क्षेत्रीय र राष्ट्रिय अनुभवहरूमा आआफ्नै तरिकाले व्यक्ति गरिएको छ । पछिल्लो प्रतिवेदनमा, विशेष गरी अनुच्छेद १७–२१ र विज्ञ समूह बैठकबाट आएका सल्लाह र सिफारिसहरूमा प्रस्तुत साझा विशेषताहरूको सूची (पृष्ठ १२–१३) हेर्नुहोस् ।

[२] "अफ्रिकन वंशजका मानिस" भन्नाले अफ्रिकी व्यक्तिहरूबाट उत्पत्ति भएका व्यक्ति, व्यक्तिहरूको समूह वा मानिसहरू भन्ने बुझिन्छ जसले परम्परागत रूपमा र मुख्यतया समुदाय स्तरका स्रोतसाधनमा अधिकार राख्छन् । यसलाई मुख्य गरी प्राय: मध्य र दक्षिण अमेरिकामा दासत्वपछिको सन्दर्भमा (लिने गरिएको भए पनि अहिले त्यसमा मात्रै सीमित गरिएको छैन । संयुक्त राष्ट्रसङ्घको मानव अधिकार प्रणालीले अन्य प्रक्रियाका अलाबा अफ्रिकी वंशजका व्यक्तिहरूसम्बन्धी छुट्टै कार्य समूहमार्फत यी व्यक्ति, समूह र समुदायका अधिकारहरूबारे विस्तृत रूपमा व्याख्या गरेको छ ।

[३] अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि सङ्ख्या १६९ ले आदिवासी तथा जनजाति समुदायका जन्मजात अधिकारहरूलाई मान्यता दिएको छ । यस महासन्धि १६९ ले ल्याटिन अमेरिका, अफ्रिका र एसियाका धेरै गैरआदिवासी जातीय समूहहरूलाई समेत मान्यता दिएको छ । यसले अन्य ल्याटिन अमेरिकी मुलुकहरू कोलम्बिया, ब्राजिल र होन्डुरासमा अन्य जातीय समूहसँगै अफ्रिकन वंशजका मानिससहरूको भूक्षेत्रसम्बन्धी र स्वतन्त्र, अग्रिम र सुसूचित सहमतिको अधिकारहरूलाई मान्यता दिएको छ ।

[४] यसमा समुदायमा आधारित स्रोत अधिकारहरू समेटिएका छन् जुन सामुदायिक भूमि र स्रोतको भोगाधिकार सुरक्षित गर्न अत्यन्तै महत्वपूर्ण मानिन्छ । यी अधिकारहरूमा पहुँच, उपयोग वा उपयोगबाट फाइदा लिन पाउने अधिकार, शासन व्यवस्था (नियम बनाउने, योजना बनाउने, व्यवस्थापन गर्ने, आन्तरिक विवाद समाधान गर्ने, र तेस्रो पक्षविरुद्ध सामुदायिक नियम कार्यान्वयन गर्ने , बाह्य पक्षलाई बहिष्कार गर्ने अधिकार, राष्ट्रिय तथा अन्तरदेशीय न्यायिक प्रक्रिया, क्षतिपूर्ति पाउने अधिकार, अधिकारग्राहीको मागअनुसार सम्पत्ति बेच्ने र सार्ने अधिकार, र यी सबै अधिकारहरू अनिश्चितकालसम्म प्रयोग गर्न सक्ने क्षमता पर्दछन् ।

[५] महिला र पुरुषबीचको सामाजिक भूमिका (लैङ्गिक मान्यता) र महिलाको भूमि, वन र स्रोतसम्बन्धी भोगाधिकारको सुरक्षा सामुदायिक भोगाधिकार प्रणालीहरूअनुसार फरक–फरक भए पनि, आदिवासी, अफ्रिकन वंशजका मानिस र स्थानीय समुदायका महिलाहरूको निम्न अधिकारहरूलाई मान्यता दिने राष्ट्रिय कानुनहरू प्राय: अन्तर्राष्ट्रिय मापदण्डभन्दा कमजोर छन्: समुदाय सदस्यताको अधिकार, सम्पत्ति उत्तराधिकारको अधिकार, समुदायको नेतृत्व र निर्णय प्रक्रियामा सहभागिता (शासन प्रणाली), र समुदाय तहमा हुने विवाद समाधान प्रक्रियाको उपयोग । फलस्वरूप, राष्ट्रिय कानुनहरूले आदिवासी, स्थानीय समुदाय र अफ्रिकन वंशजका मानिसमा पहिलेबाट अभ्यासमा रहेका लैङ्गिक समानता आधारित प्रथाहरूलाई प्रतिबिम्बित गर्न सक्दैनन्, बरु कहिलेकाहीँ महिलाविरुद्ध विभेद गर्ने केही सामुदायिक अभ्यासहरूलाई कानुनी मान्यता दिन पुग्छन् । विस्तृत जानकारीका लागि "महिलाविरुद्धको सबै प्रकारका विभेद उन्मूलनसम्बन्धी महासन्धि CEDAW)" हेर्नुहोस् ।

[६] यस मापदण्डको कार्यान्वयनका क्रममा आदिवासी जनजाति, स्थानीय समुदाय, अफ्रिकन वंशज, ती समुदायभित्रका महिला र अन्य अधिकारग्राही समूहहरूसँगको सहकार्यमा मानव अधिकार प्रभाव मूल्याङ्कनमार्फत ती अधिकारहरूको सीमा निर्धारण गरिन्छ । यस्ता मूल्याङ्कनहरूले सांस्कृतिक अधिकारहरू स्पष्ट रूपमा समेट्नुपर्छ (र यी मूल्यांकन वातावरणीय र सामाजिक प्रभाव मूल्याङ्कनबाहेक छुट्टै गरिनुपर्छ । यस मापदण्डलाई कार्यान्वयन गर्न गरिने सबै गतिविधिहरू भूमि, भूक्षेत्र र स्रोतसाधनप्रतिको अधिकार आदिवासी, विभिन्न अफ्रिकन वंशजका मानिस र स्थानीय समुदायहरूको परम्परागत प्रयोग र स्वामित्वद्वारा परिभाषित हुन्छन् ।

[७] पारिस्थितिकीय प्रणालीका कार्यहरू भन्नाले पारिस्थितिकीय प्रणालीभित्र जैविक र अजैविक तत्वहरूबीच हुने ऊर्जा र पदार्थको प्रवाहलाई जनाइन्छ, जुन पृथ्वीमा जीवन कायम राख्न अत्यावश्यक हुन्छ । यसमा जैविकपिण्ड उत्पादन, कार्बनको सञ्चय र भण्डारण प्रक्रिया, पोषक तत्वहरूको चक्र, पानीको प्रवाह तथा गतिको सन्तुलन र ताप हस्तान्तरण लगायतका प्रक्रिया हुन्छन् । पारिस्थितिकीय प्रणालीका सेवा भनेको त्यस्ता कार्य वा प्रक्रियाहरू हुन् जसले मानिसहरूलाई प्रत्यक्ष फाइदा पुरयाउँछन् वा व्यक्ति र समाजका लागि कुनै मूल्य सिर्जना गर्छन् । विस्तृत जानकारीका लागि IPBES को शब्दकोश हेर्नुहोस् ।

[८] यसमा कार्यान्वयनलाई सहज बनाउन तथा समुदायहरूले आफ्नो भूमि, भूक्षेत्र र स्रोतसम्बन्धी अधिकारहरूलाई सञ्चालन, व्यवस्थापन, उपयोग वा संरक्षण गर्न असहज हुने प्रशासनिक झन्झटहरू हटाउन मद्दत गर्ने सरल र न्यून लागतका प्रक्रियाहरू पर्दछन् ।

[९] यस सन्दर्भमा प्रयोग गरिएको "भूपरिदृश्य" शब्दले आदिवासी जनजाति, स्थानीय समुदाय र अफ्रिकन वंशजका मानिसहरूद्वारा परम्परागत रूपमा स्वामित्व, व्यवस्थापन, उपयोग वा बसोबास गरिएका सम्पूर्ण भूमि, भूक्षेत्र र स्रोतसाधनलाई जनाउँछ, जसमा तिनीहरूसँग सम्बन्धित ताजा पानीका स्रोतसाधन र समुद्री तट क्षेत्रका प्रणालीहरू पनि समावेश हुन्छन् ।

[१०] कुनै उपाय÷उपचार "प्रभावकारी" हुनका लागि, ती उपाय÷उपचारहरू कुनै पनि पहल गतिविधिबाट प्रभावित आदिवासी, स्थानीय समुदाय, अफ्रिकन वंशजका मानिस र ती समूहभित्रका महिलाहरूको दृष्टिकोणबाट पहुँचयुक्त, सुलभ, पर्याप्त र समयमा उपलब्ध हुनुपर्छ । साथै, यस्ता उपायहरूले ती अधिकारग्राहीहरूको विविध अनुभव र अपेक्षाहरूलाई सम्बोधन गर्न सक्नुपर्छ, जुन उजुरी तथा क्षतिपूर्ति प्रणालीको डिजाइन, सुधार र कार्यान्वयन प्रक्रियाभर उनीहरूसँग गरिएको अर्थपूर्ण, गहन र प्रभावकारी परामर्श प्रक्रियामा व्यक्त गरिएका हुन्छन् ।

LAND RIGHTS STANDARD

LANDRIGHTSSTANDARD.ORG